मोदी गाउँपालिका
Modi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
पातिचौर, पर्वत
Patichaur, Parbat
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या :-
Letter No. :
चलानी नं. :-
Dispatch No. :

मिति : २०७६/१०/२९

## सुचना ! सुचना !! सुचना !!!
## भकारो सुधार कार्यकम सम्वन्धमा ।

यस मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखाको आ.व.२०७६।०७७ को शर्सत तर्फको बार्षिक स्वीकृत कार्यकम अनुसार यस मोदी गा.पा अन्र्तगतका कृषकहरुको लागि भकारो सुधार कार्यकम संन्चालन गर्नु पर्ने भएकोले सम्बन्धित कृषकहरुले मोदी गा.पा कृषि शाखामा सुचना प्रकाशित भएको मिति बाट १५ दिन भित्र निम्न कागजात साथ कृषि शाखामा रितपुर्वक प्रस्ताव पेश गर्नुहुन जानकारी गराईन्छ ।

**भकारो सुधारको मापदण्ड**

१. १८ फिट लम्वाई
२. ६ फिट चौडाई
३. ३ घन मिटरको पिसाब संकलन गर्ने टंकी र मलखादलाई छानो अथवा कालो प्लाष्टिकले छोपेको हुनुपर्ने ।
४.विगत ३ बर्ष यता कृषि बाट कुनै अनुदान लिएकोलाई समावेश गरिने छैन ।(मेसीनरी,भकारो सुधार ,साना सिचाई)

**आवश्यक कागजातहरुं**

१ हस्तलिखित निवेदन ।
२ सम्बन्धित वडाको सिफारीस ।
३ नागरीकताको फोटो कपी ।

२०७६/१०/२९

किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
Modi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

पत्र संख्या :-
Letter No. :
चलानी नं. :-
Dispatch No. :

पातिचौर, प
Patichaur, Par
गण्डकी प्रदेश, नं
Gandaki Province, N

मिति : २०७६/१०/२९

## साना सिंचाई विशेष कार्यक्रमको प्रस्ताव पेश गर्ने बारे सूचना !

चालु आ.ब. ०७६/०७७ मा यस कार्यालयको शर्सत तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार साना सिंचाई विशेष कार्यक्रमका लागि इच्छुक कृषि सहकारी, कृषक उपभोक्ता संस्था वा कृषक समुहहरुले तपसिलमा उल्लेखित बुंदाहरुको परिधी भित्र रही यही २०७६ साल माघ २९गते देखि फागुन १४ गते सम्म मोदी गाउँपालिका कृषि शाखा पातिचौर, पर्वतमा रितपूर्वक प्रस्ताव पेश गर्नु हुन जानकारी गराईन्छ ।

तपसिल :

१. साना सिंचाई विशेष कार्यक्रम अन्तर्गत सामुहिक उपभोक्ताका स-साना, अस्थायी, बाँध, छेकवार, कुलो सुधार, संरक्षण, ह्यूमपाईप, पोलिथिन पाईप, थोपा सिंचाई, स्प्रीङगकल आदिबाट आयमुलक कृषि व्यवसायका लागी सिंचाई गर्न सकिने स-साना स्किम पर्दछ ।

२. उपभोक्ता संस्था, समुह भन्नाले जलश्रोत ऐन २०४९ अन्तर्गत मान्यता प्राप्त हुने गरी स्थापित उपभोक्ता संस्था वा कृषि ज्ञान केन्द्र,मोदी गा.पा.अन्तर्गत वा अन्य निकायहरुबाट कृषि विकासका लागी स्थापित कृषक समुहलाई जनाउँदछ । व्यक्तिगत उपभोक्ताका लागी पेश गरिने माग पत्रलाई मान्यता दिईने छैन । कृषक समुह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समितिलाई समेट्न सकिने छ ।

३. उपभोक्ता संस्था, समुह वा कृषक समुहबाट सिंचाई आयोजनाको लागी निर्धारित मागपत्र फाराम रु. १०।- को टिकट साथ सम्बन्धित कृषि शाखामा दर्ता गराउनु पर्दछ । यसरी माग फाराम दर्ता गराउदा सहकारी संस्था/उपभोक्ता संस्था/कृषक समुहको तर्फबाट प्राप्त निवेदनका लागी रु.१००।- (एक सय) मात्र दाखिला गर्नुपर्नेछ । त्यस्ता माग बारे सम्बन्धित वडा लाई जानकारी दिई वडा कार्यालयको सिफारिस पेश गर्नु पर्नेछ ।

४. सिंचाई आयोजनको कुल लागतको बढीमा ५० हजार सम्मको हुने छ जसमा श्रमदान वा उपभोक्ता संस्था कृषक समुहले नगदवाट ४० प्रतिशत रकम व्यहोर्नु पर्नेछ ।

५. अन्य आवश्यक जानकारीको लागी मोदी गाउँपालिकाको कृषि शाखा पातिचौरमा सम्पर्क राख्न हुनको लागि जानकारी गराइन्छ ।

६. समुहको निर्णयको प्रतिलिपि ।

किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत